# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय

### प्रेस विज्ञप्ती

आज मिति २०८२।०५।१८ गते लोक सेवा आयोगको हीरक जयन्ती वर्ष, २०८२ को अवसरमा लोक सेवा आयोग पहुँच (PSC Outreach) कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशका सबै जिल्लाहरूबाट युवा विद्यार्थीहरूको सहभागितामा सुर्खेत जिल्लास्थित वीरेन्द्रनगरमा **"विद्यार्थीमाझ लोक सेवा आयोग कार्यक्रम"** भव्यताका साथ सम्पन्न भयो। कार्यक्रम सञ्चालनको क्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले यस्तो कार्यक्रम लोक सेवा आयोगले सातै प्रदेशमा सञ्चालन भइरहेको जानकारी गराउनुभयो। कार्यक्रममा आयोगका माननीय सदस्य दिनेश सिलवाल, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव श्रीमान् वीरेन्द्र कुमार यादव, मुसीकोट नगरपालिका रुकुमपश्चिमका प्रमुख श्री महेन्द्र के.सी., सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जगदीश्वर उपाध्याय वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख श्री निलकण्ठ खनाल लगायत कर्णाली प्रदेशमा पर्ने जिल्ला सदरमुकामस्थित स्थानीय तहका पदाधिकारी एवं कर्मचारी तथा दश जोड दुई वा सो भन्दा माथि अध्ययनरत ७० युवा विद्यार्थीहरू एवं जिल्लास्थित सञ्चारकर्मी सहित करीव १०० जनाको सहभागिता रहेको थियो।

लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले लोक सेवा आयोग नेपालको सबैभन्दा जेठो संवैधानिक निकाय रहेको चर्चा गर्दै लोक सेवा आयोगको योग्यता, निष्पक्षता तथा स्वच्छताकै कारण आयोगप्रति युवा पुस्तामा आकर्षण तथा विश्वास बढ्दै गएको बताउनुभयो।

वँहाले आफ्नै जिवनको दृष्टान्त दिँदै दुर्गमका युवाहरुलाई सरकारी सेवाप्रति उत्प्रेरित गर्नु भयो। साथै आगामी दिनमा विदेश जाने कुरालाई प्राथमिकतामा नराखी सार्वजनिक सेवामा प्रवेश गरी देश निर्माणमा समर्पित हुन आग्रह गर्दै आयोगको शतवार्षिकी कार्यक्रम आजका सहभागीहरुको नेतृत्वमा हुनेछ भन्ने सुभेक्षा ब्यक्त गर्नु भयो। आजको कार्यक्रमले सार्वजनिक सेवाप्रति युवा विद्यार्थीमा आकर्षण बढाउन एवं आयोगको निष्पक्ष कार्यप्रणालीका बारेमा सचेतना जगाउन महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। यो कार्यक्रम शुरुवात मात्र रहेको र आगामी दिनमा प्रत्येक जिल्लाका सवै स्थानीय तह र सवै वडा तहसम्म यस्तै कार्यक्रम गर्न स्थानीय सरकारलाई अनुरोध गर्नु भयो। यसका साथै सहभागी विद्यार्थीहरुलाई आयोगको सदभावना दूत र सञ्चार दूतको रुपमा आफुले सिकेका विषयहरू आफ्नो शिक्षालय तथा समाजमा पुर्‍याई आयोगको नवोदित मित्रको भूमिका निर्वाह गर्नमा जोड दिनुभयो।

कार्यक्रममा कर्णाली प्रदेश सरकारका प्रमुख सचिव श्रीमान् वीरेन्द्र कुमार यादवले आयोगको निष्पक्षता, विश्वसनीयताका जगमा आफू यस स्थानमा रहेको दृष्टान्त दिँदै योग्यता प्रणालीको धरोहर लोक सेवा आयोगले सञ्चालन गरेको कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो। आयोगको परीक्षा कठीन छ भन्ने मनोभावलाई चिर्न स्थानीय सरकारले भूमिका

निर्वाह गर्न सक्ने विश्वास व्यक्त गर्नु भयो । मुसीकोट नगरपालिका रुकुम पश्चिमका नगर प्रमुख श्री महेन्द्र के.सी. ले आयोगप्रति रहेको विश्वसनियताको निरन्तरताको कामना गर्दै स्थानीय सरकार प्रति आयोगले राखेको अपेक्षा पूरा गर्ने प्रतिवद्दता व्यक्त गर्नु भयो। कार्यक्रममा सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जगदिश्वर उपाध्यायले कर्णालीका दुर्गम भुगोलका युवालाई आकर्षित गर्न यो कार्यक्रम सार्थक हुने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा लोक सेवा आयोगका सहसचिवद्वय श्री पुरुषोत्तम शर्मा र श्री रुद्र बहादुर कार्कीले लोक सेवा आयोगको ऐतिहासिक विकासक्रम, संवैधानिक एवं कानूनी व्यवस्था, आयोगको कार्यप्रक्रिया, सुर्खेत र जुम्ला कार्यालयको कार्यसम्पादनबारे अलग अलग कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा लोक सेवा आयोगका समग्र विषयवस्तुलाई समेटी तयार पारिएको वृत्तचित्र समेत प्रस्तुत गरिएको थियो । यसै गरी कार्यक्रमको दोस्रो सत्रमा विषय विज्ञ तथा सहजकर्ताहरूबाट उपस्थित विद्यार्थीहरूको समूहगत सक्रियतामा सार्वजनिक सेवा प्रवेशका विविध विषयवस्तु माथि छलफल गरिएको थियो।

समापनका अवसरमा सहभागी विद्यार्थीका तर्फबाट चार जना सहभागीले मन्तव्य दिदै यस प्रकृतिका कार्यक्रम दुरदराजसम्म पुर्‍याउन आवश्यक रहेको धारणा व्यक्त गर्नु भएको थियो । यसै गरी शारदा नगरपालिका सल्यानका उपप्रमुख श्री सुस्मिता सापकोटाले आयोगले लिएको यस प्रकारको अग्रसरतालाई निरन्तरता दिन स्थानीय सरकार प्रतिवद्ध रहेको धारणा व्यक्त गर्नु भयो।

आयोगका माननीय सदस्य दिनेश सिलवालले कार्यक्रममा सहभागी हुने अतिथि, स्थानीय तहका प्रतिनिधि, विद्यार्थी तथा संचारकर्मीहलाई हार्दिक आभारसहित सहभागीप्रति धन्यवाद व्यक्त गर्नु भयो। आयोगका मानीय अध्यक्षज्यूबाट सहभागी स्थानीय तह र कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई लोक सेवा आयोगको हीरक जयन्ती वर्षको लोगो तथा प्रमाणपत्र वितरणसहित कार्यक्रमको समापन भयो।

**(गीताकुमारी होमेगाई)**
**प्रवक्ता**

२०८२ साल भदौ १८ गते, बुधवार
कमलपोखरी, काठमाडौं